नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०

चलानी नं.:- ४३८

मितिः- २०८०/०१/१७

श्री स्थानीय तह (सबै),

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको च.नं. संस्थान/२२०२ मिति २०८०/०१/१२ को पत्र र सोसाथ प्राप्त नेपाल टेलिकमको च.नं. PA १३४ मिति २०८०/०१/०८ को आवश्यक समन्वय गरिदिने सम्बन्धी पत्र आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

१/१७

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

**बोधार्थ:**

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहन।

संघीय मा.म.

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## संस्थान समन्वय शाखा

## सिंहदरबार, काठमाडौं

दर्ता ११२८
९।१४

प.सं. :- ०७९/८०
च.नं. :- संस्थान/२२०२

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं २०७४

मिति :- २०८०/०१/१२

विषयः आवश्यक समन्वय गरी दिने बारे।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३२८२
दर्ता मितिः- १/१४

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार

प्रस्तुत विषयमा विभिन्न स्थानीय तहहरूले शहरी सौन्दर्यता कायम गराउने भनी दूरसञ्चार सेवा सञ्चालनको लागि दूरसञ्चार सेवा प्रदायक कम्पनीले विस्तार गरेको केवल नेटवर्कहरू अन्धाधुन्ध काटिदिने क्रम बढेकोले यस कार्यले टेलिफोन, इन्टरनेटगायतका सेवाहरू अवरुद्ध भई सेवाग्राहीहरू दूरसञ्चार सेवाबाट बञ्चित हुनुपरेको अवस्था छ। यसरी शहरी सौन्दर्यता कायम गराउने भनी केवल नेटवर्क अन्धाधुन्ध रूपमा काट्दा ठूलो परिणाममा केवल नेटवर्क विदेशवाट आयात गर्नुपर्ने भई अनावश्यक रुपमा खर्च बढ्नुका साथै अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्न जाने हुन्छ।

शहरी सौन्दर्यतामा संवेदनशील भई सेवा उपलब्ध गराउन स्थानीय तहहरूसँग सहकार्य गरी तार व्यवस्थापनका लागि प्रयत्नशील रहने भनी नेपाल टेलिकमको प.सं. २०७९/०८०, च.नं. PA१३४, मिति २०८०/०१/०८ को पत्रमार्फत अनुरोध भई आएकाले सबै स्थानीय तहहरूसँग आवश्यक समन्वय गरिदिनुहुन आदेशानुसार अनुरोध छ। नेपाल टेलिकमबाट अनुरोध भई आएको पत्रको छाँयाप्रति यसैसाथ संलग्न छ।

श्री स्थानीय तह
समन्वय शाखा
१।१४

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Hari Sharan Neupane
hari.neupane1@nepal.gov.np

.........................................
(हरि शरण न्यौपाने)
शाखा अधिकृत

# नेपाल टेलिकम
# NEPAL TELECOM

राष्ट्र निर्माण हाम्रोलक्ष्य


प.सं : ०७९।८०

च.नं : PA938

मिति: २०८०।०१।०८


सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
दर्ता नं. ४२२८
मिति २०८०।०१।०८


श्री नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरवार, काठमाण्डौ ।

विषय : आवश्यक समन्वय गरिदिने वारे ।

प्रस्तुत विषयमा काठमाण्डौं महानगरलगायत विभिन्न स्थानीय तहहरुले शहरी सौन्दर्यता कायम गराउने भनी दूरससञ्चार सेवा सञ्चालनको लागि यस कम्पनीले विस्तार गरेको केवल नेटवर्कहरु अन्धाधुन्धरुपमा काटिदिने क्रम बढिरहेको र यसबाट कम्पनीले उपलब्ध गराएका टेलिफोन इण्टरनेट एवं टेलिभिजन सेवाहरु अवरुद्ध भई सेवाग्राहीहरु सेवाबाट बञ्चित हुनु परेको अवस्था छ ।

यसरी विच्छेद भएको केवल नेटवर्क पुनर्स्थापना गरी सेवा नियमित गराउनको लागि ठूलो परिमाणमा केवलहरु विदेशबाट आयात गर्नुपर्ने भएकाले सेवा नियमित गराउन बढि समय लाग्ने र केवल आयात गर्दा कम्पनीलाई अनाबश्यक आर्थिक भार बढ्न जानुका साथै विदेशी मुद्राको समेत अनाबश्यक रुपमा खर्च हुन जाने हुंदा समग्र अर्थतन्त्रमा नै प्रभाव पर्न जाने हुन्छ ।

शहरी सौन्दर्यता कायम गराउने विषयमा कम्पनी सम्वेदनशील रहेको र उपलब्ध प्रविधिको उच्चतम उपयोग गरी स्थानीयतहसंगको सहकार्यमा तार व्यवस्थापनकालागि कम्पनी प्रयत्नशील रहने व्यहोरा अनुरोध गर्दै सार्वजनिक निकायहरुले सार्वजनिक विकास निर्माण लगायत शहरी सौन्दर्यका कार्यहरु गर्दा कम्पनीका स्थानीय कार्यालयहरुसंग समन्वय गरी त्यस्ता कार्य गर्ने गराउने सम्बन्धमा आवश्यक समन्वय गरी दूरसञ्चार सेवा प्रवाहका पूर्वाधार एवं संरचनाहरु जोगाउन सहयोग पुर्याईदिनुहुन अनुरोध छ ।

सुनिल पौडेल
प्रबन्ध निर्देशक

.................
सुनिल पौडेल
प्रबन्ध निर्देशक

उ-४९२
२०८०।०१।१८